आज मिति २०७८ साल भाद्र महिनाको १७ गतेका दिन बिहान ७ बजे यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल ज्यू | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री लाल बहादुर योगी | |

आमन्त्रित :-

[illegible]

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

श्री पुनाराम शर्मा , अधिकृत छैठौं ।

Scanned with CamScanner

मिति २०७९/०५/१७ गतेको गाउँकार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताब नम्बर १ : सहकारी मार्फत वितरण गरिने अनुदानको मलको मुल्य निर्धारण सम्बन्धमा ।

प्रस्ताब नम्बर २ : भूमि सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि गाउँपालिकास्तरिय सहजिकरण समिती गठन सम्बन्धमा ।

प्रस्ताब नम्बर ३ : गढवा गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद गठन सम्बन्धमा ।

प्रस्ताब नम्बर ४ : गढवा गाउँपालिकाको स्थानीय भू-उपयोग योजना तर्जुमा समिति गठन सम्बन्धमा ।

प्रस्ताब नम्बर ५ : विगतका वर्षमा मर्मत भएका एम्बुलेन्सहरूको मर्मतको भुक्तानी दिन बाँकी बक्यौता सम्बन्धमा ।

प्रस्ताब नम्बर ६ : वडा नम्बर २ को पुतलिबजार देखि कुमाल टोल जाने बाटोमा प्रयोग भएको ह्युमपाईपको भुक्तानी सम्बन्धमा ।

प्रस्ताब नम्बर ७ : UN HABITAT संस्थाद्वारा सुधारिएको चुलो वितरणका लागि लाभग्राही समुदाय छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर ८ : फोहोरमैला व्यवस्थापनका लागि जग्गा छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर ९ : गौशाला व्यवस्थापनका लागि जग्गा छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर १० : शित भण्डार (कोल्ड स्टोर) निर्माणका लागि उपयुक्त स्थान छनौट गरि डि.पि.आर. तयारीको लागि परामर्श सेवा खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर ११ : बसपार्क निर्माणका लागि उपयुक्त स्थान छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर १२ : चिल्ड्रेन पार्क निर्माणका लागि उपयुक्त स्थान छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर १३ : बहुउद्देश्यि तालिम केन्द्र निर्माणका लागि जग्गा छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर १४ : गढवा स्वास्थ्य चौकीमा अस्थाई आपतकालिन वार्ड निर्माणको लागि आवश्यक रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताब नम्बर १५ : सर्बोदय प्रा.बि. गढवाको भवन मर्मतको लागि आवश्यक रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताब नम्बर १६ : स्वास्थ्य चौकीहरूमा डिजिटल एक्स-रे मेसिन संचालनका लागि रेडियोग्राफर पदमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताब नम्बर १७ : गढवा गाउँपालिकाको आ.व. २०७९/८० को विशेष सभाको मिति तय गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर १८ : कृषि विकाश शाखाको विउविजनमा अनुदान दिने सूचना संशोधन सम्बन्धमा ।

प्रस्ताब नम्बर १९ : वडा नम्बर १, ४ मा स्वास्थ्य मापदण्डको भवन निर्माणको लागि जग्गा छनौट सम्बन्धमा ।

प्रस्ताब नम्बर २० : गोबरडिहामा नवनिर्मित प्रसुति भवनमा फर्निचर व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताब नम्बर २१ : गढवा गाउँपालिका अर्न्तगतका विद्यालय तथा स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन सम्बन्धमा ।

प्रस्ताब नम्बर २२ : गत वर्षका अधुरा समपुरक योजनाहरूमा बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताब नम्बर २३ : भूमि सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताब नम्बर २४ : वह्का अट्वारीको अवसरमा स्थानीय विदा दिने सम्बन्धमा ।

प्रस्ताब नम्बर २५ : जग्गाको वर्गिकरण सम्बन्धमा ।

प्रस्ताब नम्बर २६ : विविध विषय सम्बन्धमा ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नम्बर १ :** प्रस्ताव नम्बर १ उपर छलफल गर्दा गढवा गाउँपालिकामा मल आपूर्ति तथा वितरण व्यवस्थापन समितीका संयोजक श्री शारदा कुमारी चौधरीको अध्यक्षतामा बसेको बैठकको सिफारिस बमोजिम अनुदान मलको मूल्य निर्धारण सम्बन्धमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका , २०७७ अनुसार दफा १० को उपदफा १ बमोजिम स्थानीय तहमा मलको आपूर्ति तथा व्यवस्थापन समिती र कृषि सामग्री संस्थान लगायत दाङको समन्वय र निर्देशिकाको आधारमा संचालन खर्च (operating cost ) वापत प्रति के.जी. रू. १ को दरले प्रति बोरा (५०के.जी) रू. ५० र लोड अनलोड प्रति बोरा रू. १४ गरि जम्मा रू. ६४ रकम रहेकोमा रासायनिक मल बिक्रेताहरूले घाटामा परेको समस्या बारम्बार दोहोऱ्याएकोले र लिखित निवेदन समेत पेश गरेकोले मल बिक्रेता संस्थाहरूको समस्यालाई मध्यनजर गर्दै कृषि सामग्री संस्थान देखि बिक्रि गर्ने केन्द्र सम्मको ढुवानी भाडा जिल्लाको दररेट अनुसार थप गरी निम्नअनुसारको रकम अनुदानित मलमा वडा तथा दुरी अनुसार तपसिल बमोजिम मूल्य निर्धारणको लागी निर्णय सर्व सम्मत पारित गरियो ।

तपशिल:

कृषि सामग्री संस्थानले तोकेको मूल्य विवरण

| क.स. | मलको विवरण | प्रति बोरा मूल्य रू. | प्रतिबोरा थप गर्ने मूल्य रू. | जम्मा बिक्री गर्ने रू. |
|---|---|---|---|---|
| १ | युरिया | ८४२ | ६४ | ९०६ |
| २ | डी. ए. पी. | २२९२ | ६४ | २३५६ |
| ३ | पोटास | १६९२ | ६४ | १७५६ |
| ४ | एस. एस. पी. | - | - | - |
| ५ | डि. एस. पी. | - | - | - |
| ६ | टि.एस. पी. | - | - | - |

मल आपूर्ति तथा व्यवस्थापन समितिले निर्णय गरी तयार गरिएको मूल्य सुचि विवरण

| क.स | सहकारीको नाम | ठेगाना | निर्देशिका अनुसारको प्रति बोरा थप गर्ने मूल्य रू. ( क) | मल आपूर्ति तथा व्यवस्थापन समितिले दुरी अनुसार ढुवानीमा प्रस्तावित प्रति बोरा थप गरेको मूल्य रू. (ख) | जम्मा रकम रू. क +ख = |
|---|---|---|---|---|---|
| १ | धानखोला कृषिसहकारी संस्था | गढवा गा.पा १ | ६४। | ६४। | १२८। |
| २ | सामान कृषिसहकारी संस्था | गढवा गा.पा २ | ६४। | ४४। | १०८। |
| ३ | साना कृषिसहकारी संस्था | गढवा गा. पा.२ | ६४। | ३९। | १०३। |
| ४ | पृथ्वी कृषिसहकारी संस्था | गढवा गा.पा. ३ | ६४। | ३४। | ९८। |
| ५ | सालभुण्डी कृषि सहकारी संस्था | गढवा गा.पा ४ | ६४। | २४। | ८८। |
| ६ | सागर कृषि सहकारी संस्था | गढवा गा.पा ५ | ६४। | १९। | ८३। |
| ७ | युवा कृषि सहकारी संस्था | गढवा गा.पा. ५ | ६४। | १९। | ८३। |
| ८ | अन्नपुर्ण कृषि सहकारी संस्था | गढवा गा.पा. ५ | ६४। | १९। | ८३। |
| ९ | पौष्टिक कृषि सहकारी संस्था | गढवा गा.पा. ६ | ६४। | १४। | ७८। |
| १० | जन सहभागिता उपभोक्ता | गढवा गा.पा. ६( ६,८) | ६४। | १४। | ७८। |
| ११ | परी कृषि सहकारी संस्था | गढवा गा.पा ६ (७) | ६४। | १४। | ७८। |
| १२ | प्रभावकारी कृषि सहकारी संस्था | गढवा गा.पा. ७ | ६४। | १९। | ८३। |

**निर्णय नम्बर २ :** प्रस्ताव नम्बर २ उपर छलफल गर्दा गढवा गाउँपालिकामा राष्ट्रिय भूमि आयोगको कार्यक्रम अनुसार संचालित कार्यक्रममा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को बुंदा नम्बर ३(१) को (घ) बमोजिम गढवा गाउँपालिकास्तरिय सहजीकरण समिति गठन गर्नका लागि गाउँकार्यपालिकाको तर्फबाट तपशिल बमोजिम सदस्यहरू मनोनित गर्ने निर्णय गरियो ।

तपशिल :

गाउँकार्यपालिका सदस्य महिला : रमा भण्डारी

गाउँकार्यपालिका सदस्य दलित महिला : .........................

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश नेपाल

Scanned with CamScanner

र बजार क्षेत्रको फोहोर संकलन गर्नका लागि एक जना सरसफाईकर्ता पदमा सेवा करारमा कर्मचारी व्यवस्थापनका लागि विज्ञापन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नम्बर ९ :** प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा गढवा गाउँपालिका वडा नम्बर ६ स्थित मानिकापुर बगाले बिसौनामा स्थापना गरिएको गढवा गाउँपालिकाको गौशाला नदि किनार र होचो स्थानमा भएकोले जुनसुकै बेलामा पनि बाढिले प्रभावित पार्न सक्ने देखिएकोले उचित स्थानमा गौशाला व्यवस्थापनका लागि जग्गा छनौट सम्बन्धमा जग्गा व्यवस्थापन कार्यदललाई जिम्मेवारी दिएकोमा उक्त कार्यदलको सुझाव बमोजिम गढवा गाउँपालिका वडा नम्बर ६ मानिकापुरमा मलामी प्रतिक्षालयको पूर्व तर्फ अन्दाजी १० कट्ठा जग्गा रहेको स्थानमा व्यवस्थित गौशाला निर्माण गर्ने निर्णय गरियो । साथै यसै आ.व. २०७९/०८० मा गौशाला व्यवस्थापनका लागि आवश्यक पर्ने संरचना तथा पूर्वाधार निर्माणका लागि प्राविधिक शाखाबाट तयार पारिएको लगत ईस्टिमेट बमोजिम आउँदो विशेष सभाबाट बजेट विनियोजन पश्चात निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर १० :** प्रस्ताव नम्बर १० उपर छलफल गर्दा गढवा गाउँपालिका कोल्ड स्टोर निर्माणका लागि गढवा गाउँपालिका वडा नम्बर ३ मा पर्ने खैरा महिला सामुदायिक भवनको दक्षिणतर्फको खालि चौरमा जग्गा छनौट गर्ने साथै उक्त स्थानमा निर्माण कार्य सुरु गर्नका लागि डि.पि.आर. निर्माणका लागि परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ११ :** प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा गढवा गाउँपालिकामा बसपार्क निर्माणका लागि वडा नम्बर ७ मानपुर स्थित कक्रहवा खोलाको तटबन्धको पूर्वतर्फ हाल पुल निर्माण प्रयोजनको लागि कनक कन्स्ट्रक्सनले अस्थायी क्रसर स्थापना गरेको स्थानमा बसपार्क निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२ :** प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा गढवा गाउँपालिका चिल्ड्रेन पार्क निर्माणका लागि गढवा लमही सडक खण्डको पूर्वतर्फ, सिक्रहवा पुल नेर अवस्थित कोल्ड स्टोर भवनको उत्तरतर्फको अन्दाजी २ बिगाहाको खाली जमिनमा चिल्ड्रेन पार्क निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १३ :** प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा गढवा गाउँपालिकामा भारतिय राजदुतावासको अनुदानमा निर्माण हुने वहुउद्देश्यि तालिम केन्द्र निर्माणका लागि जग्गा छनौट सम्बन्धमा ५ नम्बर वडा कार्यालयको सिफारिस बमोजिम गढवा ५ मगहर गौचरन (गौरी) मा वहुउद्देश्यि तालिम केन्द्र निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर १४ :** प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा गढवा गाउँपालिका वडा नम्बर ६ स्थित संचालित गढवा स्वास्थ्य चौकीमा अस्थाई आपतकालिन वार्ड निर्माणको लागि आवश्यक्ता अनुसार प्राविधिक शाखाबाट प्राविधिक लगत ईस्टिमेट तयार गर्न लगाई आउँदो विशेष सभाबाट बजेट विनियोजन गरि कामकाज अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर १५ :** प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा गढवा गाउँपालिका वडा नम्बर ७ स्थित संचालित सर्वोदय प्रा.वि. मा हाल एक जना पनि विद्यार्थी नभएकोले पठनपाठन क्रियाकलाप नभएको र उक्त विद्यालयको भवन समेत हावाहुरीबाट क्षतिग्रस्त भएकोले उक्त स्थानको संरक्षण गरि उक्त भवनको मर्मत सम्भार गरेमा अन्य कुनै सार्वजनिक कार्यका लागि प्रयोग गर्न सकिने देखिएकोले उक्त परिसरमा भएका भवनहरू मध्ये सबैभन्दा पूर्व तर्फको २ कोठे भवन मर्मत सम्भारका लागि प्राविधिक शाखाबाट तयार पारिएको लगत ईस्टिमेट बमोजिम विशेष सभाबाट बजेट विनियोजन पश्चात मर्मत सम्भारको कार्य अगाडि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नम्बर १६** : प्रस्ताब नम्बर १६ उपर छलफल गर्दा गढवा गाउँपालिका वडा नम्बर ६ स्थित संचालित गढवा स्वास्थ्य चौकीमा अबदेखि डिजिटल एक्स रे मेसिनबाट एक्स रे सेवा प्रदान गरिने भएकोले उक्त मेसिन चलाउनका लागि प्राविधिक जनशक्तिको आवश्यक्ता पर्ने भएकोले एक जना रेडियोग्राफर स्थानीय सेवाको चौथो तह सरहको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १७** : प्रस्ताब नम्बर १७ उपर छलफल गर्दा गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि विशेष सभाको मिति २०७९ साल भाद्र महिनाको ३१ गते गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १८** : प्रस्ताब नम्बर १८ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिका कार्यालयको मिति २०७९।०५।१५ गतेको कृषि विकास शाखाको ५० प्रतिशत अनुदानमा वीउविजन वितरण तथा वीउ विजन उत्पादन र अनुदान वितरण कार्यक्रममा यस गढवा गा.पा. अन्तरगतका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्महरूको लागि १५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त सूचना संशोधन गरि तपशिल बमोजिम विउविजनको हकमा ईच्छुक व्यक्ति (किसान) लाई समेत प्रदान गर्ने निर्णय गरियो ।
तपसिल
१. आलुको विउ (टि.पि.एस. पहिलो पुस्ता ) ५० प्रतिशत अनुदान
२. टि.पि.एस. आलुको वियाँ वीउ वितरण ५० प्रतिशत अनुदान
३. गहुँको वीउ (गौतम, विजय, आदित्य, बाणगंगा ) ५० प्रतिशत अनुदान
४. कन्ये च्याउको वीउ(स्पोन) ५० प्रतिशत अनुदान
५. हाइव्रिड तरकारी वीउ ५० प्रतिशत अनुदान
६.पालिका स्तरीय वीउविजन आत्मा निर्भर कार्यक्रम ५० प्रतिशत अनुदान (गहुँ,मकै,तोरी)
७.कोभिड विशेष यूवा लक्षित(तरकारी,मौरी र च्याउ) कार्यक्रम ५० प्रतिशत अनुदानमा

**निर्णय नम्बर १९** : प्रस्ताब नम्बर १९ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत वडा नम्बर १ र ४ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापनार्थ स्वास्थ्य मापदण्डको भवन निर्माणको लागि गोबरडिहा स्वास्थ्य चौकी हकमा उक्त स्वास्थ्य चौकी रहेको ऐलानी जग्गाको पूर्वको संधियार भानु यादव र आजेन्द्र चौधरीको घरजग्गा, पश्चिममा सामुदायिक भवनहरू, उत्तरमा बाटो र सत्यदेव यादव समेतको जग्गा र दक्षिणमा अमर वि.क.को घरजग्गा चारकिल्ला भित्र रहेको जग्गामा र वडा नम्बर ४ को लागि उठैया चोकदेखि १५० मिटरमा रहेको बसन्त कुमार शर्माको घरदेखि पूर्वतर्फ रहेको ऐलानी पिपलबोट नेरको जग्गा छनौट गर्ने सर्वसम्मत्तिले निर्णय गरियो ।

**निर्णय नम्बर २०** : प्रस्ताब नम्बर २० उपर छलफल गर्दा गढवा गाउँपालिका वडा नम्बर १ जेठानगाउँमा अवस्थित गोबरडिहा स्वास्थ्य चौकीको परिसरमा नवनिर्मित प्रसुति भवनमा आवश्यक कुर्चि, टेवल, पर्दा, कार्पेट तथा आवश्यक अन्य फर्निचरको तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएकोले लगत ईस्टिमेट बमोजिम फर्निचर तथा फिक्चर्स उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर २१** : प्रस्ताब नम्बर २१ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगतका विभिन्न स्वास्थ्य संस्थाहरू तथा शैक्षिक संस्थाहरूको भौतिक अवस्था, प्रशासनिक संचालन तथा व्यवस्थापनको स्थिती, सेवा प्रवाहमा गुणस्तरियता लगायतका विविध विषय समेट्ने गरि नियमित रूपमा अनुगमन नियमन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नम्बर २२ :** प्रस्ताव नम्बर २२ उपर छलफल गर्दा गढवा गाउँपालिका अन्तर्गत आ.व. २०७८/०७९ मा सञ्चालित तर अपुरा रहेका प्रदेश समपुरक र संघीय समपुरकका योजनाहरूको अपुरो रहेको कार्यलाई निरन्तरता दिनका लागि उक्त शीर्षकमा संघीय सरकारबाट बजेट व्यवस्थापन नभएको साथै प्रदेश समपुरकको बजेट अन्यत्रका योजनामा व्यवस्थापन गरिसकेको हुँदा गत वर्ष शुरू गरिएका प्रदेश समपुरकबाट बगमरुवा तीनपरुवा कोटनी हुँदै हुलाकी सडक जोड्ने बाटो र संघीय समपुरकबाट उदैया सजौटा हुँदै ककरहवा जोड्ने बाटोको कामको लागि गत वर्ष गाउँपालिकाको तर्फबाट फुकुवाईएको बजेट बराबरको रकम यस आ.व. मा रहेको अ.ल्या. शीर्षकबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २३ :** प्रस्ताव नम्बर २३ उपर छलफल गर्दा गढवा गाउँपालिकामा राष्ट्रिय भूमि आयोगको कार्यक्रम अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, लगत फाराम प्रविष्टि, भेरिफिकेसन गर्नेको उत्पादको नापजाँच कार्यका लागि आवश्यक कर्मचारी कार्यक्रम अवधिभरको लागि मात्र लागू हुने गरि ३ जना सर्भेक्षक, ६ जना अमिन पदमा सेवा करारमा कर्मचारी राख्नको लागि विज्ञापन गर्ने निर्णय गरियो । उक्त नापजाँच कार्य गर्नका लागि आवश्यक पर्ने कन्ट्रोल पोईन्ट राख्नका लागि यस गढवा गाउँपालिकाको बाँकी रहेको क्षेत्रमा प्राविधिक ईस्टिमेट बमोजिम आवश्यक पर्ने थप कन्ट्रोल पोईन्ट एकमुष्ट रूपमा राख्नका लागि टेन्डर आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २४ :** प्रस्ताव नम्बर २४ उपर छलफल गर्दा थारु जातीहरुको चाड बड्का अत्वारीको सन्दर्भमा यस देउखुरी क्षेत्रमा यही मिति २०७९ साल भाद्र महिनाको १९ गतेका दिन उक्त पर्व परेकोले उक्त दिन स्थानीय तहमा बिदा हुनेगरि स्थानीय बिदा दिने निर्णय गरियो ।

**निर्णय नम्बर २५ :** प्रस्ताव नम्बर २५ उपर छलफल गर्दा गढवा गाउँपालिका क्षेत्रभित्रको जग्गाको वर्गिकरण गर्ने सम्बन्धमा गढवा गाउँपालिका वडा नम्बर १, २ र ३ को हकमा राजधानी व्यवस्थापन कार्यका लागि लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरण मार्फत जग्गाको वर्गिकरण र व्यवस्थापन हुने साथै वडा नम्बर ७ र ८ को हकमा वडा कार्यालयबाट सिफारिस भईनसकेकोले वडा नम्बर ४, ५ र ६ भित्र पर्ने जग्गाहरूको मात्र वर्गिकरण तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल :

**वडा नम्बर ४ :**

१. गढवा-कालाकाटे सडकखण्ड, उदैया चोकदेखि खड्कपुर सडकखण्ड तथा गोविन्दनगर देखि खड्पुर पश्चिम सडकखण्डको १०० मिटर दाँया र बाँया – बसोबास योग्य जग्गा
२. भित्र जाने बाटोको ५० मिटर दाँया र बाँया तर्फ रहेको जग्गा - आवासिय प्रयोजनको रूपमा ।
३. रामनगर देखि चैनपुर सडकखण्डको १०० मिटर दाँया र बाँया - बसोबास योग्य जग्गा
४. बुँदा नम्बर १, २ र ३ मा उल्लेख गरिएको बाहेकको अन्य सबै - खेतियोग्य जग्गा

**वडा नम्बर ५ :**

१. गढवा-कालाकाटे सडकखण्ड तथा लमही गढवा सडकखण्डको १०० मिटर दाँया बाँया – बसोबास योग्य जग्गा
२. भित्र जाने बाटोको ५० मिटर दाँया र बाँया तर्फ रहेको जग्गा - आवासिय प्रयोजनको रूपमा ।
३. बुँदा नम्बर १ र २ मा उल्लेख गरिएको बाहेकको अन्य सबै - खेतियोग्य जग्गा

**वडा नम्बर ६ :**

**बसोबास योग्य जग्गा**

१. गढवा १क, १ख, १ग, २, ३क, ३ख, ४क, ४ख र ८ नक्साहरूको सम्पूर्ण जगगाहरू
२. गढवा १ ग को सडक बाटोले छोएको जग्गाको दाँया बाँया ५० मिटरसम्मको जग्गा
३. गढवा ४ग चलन चल्तीको बाटो दनयुग्री पुलदेखि पूर्व पुरन प्रसाद भट्टराईको घरसम्म र पश्चिम मोहनलाल रानाको घरसम्मको बाटोले छोएको जग्गाको दाँया बाँया ५० मिटर सम्मको जग्गा

Scanned with CamScanner

४. गढवा ५घ चलनचल्तीको बाटो बनपुसी पुलदेखि हरिबहादुर घर्तिको घर हुँदै घनश्याम वि.क.को घरसम्म र हरि बहादुर घर्तिको घर हुँदै दुर्गा बहादुर दर्लामीको घर सम्मको बाटोले छोएका दाँया बाँया ५० मिटरसम्मको जग्गा

**कृषि क्षेत्र**

१. आवासिय प्रयोजनको रूपमा माथि उल्लेख भएको जग्गाहरू बाहेक सम्पूर्ण जग्गाहरू

२. गढवा ५क, ५ख, ५ङ नक्साका सम्पूर्ण जग्गाहरू र माथी उल्लेखित

**कृषि क्षेत्र**

१. श्री मनिकापुर बगाले विसौना सा.व.उ.स.

२. श्री सर्वोदय सा.व.उ.स.

३. श्री उपल्लो मदपुर सा.व.उ.स.

४. श्री नसहवा सा.व.उ.स.

५. श्री खबरीखुट्टि सा.व.उ.स.

**खोला क्षेत्र**

१. कक्रहवा खोला, सिक्रहवा खोला, खबरी खोला

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner